# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, जेठ १३ गते २०५९ साल (अतिरिक्ताङ्क १८


## भाग ३

### श्री ५ को सरकार

### शिक्षा तथा खेलकूद मन्त्रालयको सूचना

शिक्षक सेवा आयोग (पहिलो संशोधन) नियमावली, २०५९

राष्ट्रिय शिक्षक सेवा आयोग नियमावली, २०५७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : यी नियमहरुको नाम "शिक्षक सेवा आयोग (पहिलो संशोधन) नियमावली, २०५९." रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ४ मा संशोधन : शिक्षक सेवा आयोग नियमावली, २०५७ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ४ को खण्ड (क) पछि देहायका खण्ड (क१) र (क२) थपिएका छन् :-

"(क१) विद्यालयमा अध्यापन गर्न चाहने व्यक्तिलाई अध्यापन अनुमतिपत्र दिने,

(क२) अध्यापन अनुमतिपत्रको लागि लिइने परीक्षाको पाठ्यक्रम निर्धारण गर्ने तथा परीक्षा सम्वन्धी कार्य गर्ने,"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको परिच्छेद ३ को शीर्षकमा संशोधन: मूल नियमावलीको परिच्छेद-३ को शीर्षकको सट्टा देहायको शीर्षक राखिएको छ :-

"अध्यापन अनुमतिपत्र तथा शिक्षक नियुक्तिको सिफारिश सम्बन्धी व्यवस्था"

४. मूल नियमावलीमा नियम ६क., ६ख., ६ग. र ६घ. थप : मूल नियमावलीको नियम ६ पछि देहायका नियम ६क., ६ख., ६ग. र ६घ. थपिएका छन् :-

"६क. अध्यापन अनुमतिपत्र सम्बन्धी व्यवस्था : (१) आयोगले अध्यापन अनुमतिपत्र दिने प्रयोजनको लागि कम्तीमा वर्षको एकपटक लिखित परीक्षा संचालन गर्नु पर्नेछ । त्यस्तो परीक्षा प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहका शिक्षकको लागि छुट्टा छुट्टै संचालन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम आयोगले लिखित परीक्षाको लागि दरखास्त बुझाउने समयावधि, दरखास्त दस्तुर, दरखास्त बुझाउने स्थान, परीक्षा संचालन हुने मिति, समय र केन्द्र समेत उल्लेख गरी सार्वजनिक रुपमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको परीक्षामा सम्मिलित हुन चाहने व्यक्तिले सो सूचनामा तोकिएको स्थानमा दरखास्त बुझाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम परेको दरखास्त छानविन गर्दा रित पुगेको देखिएमा आयोगले दरखास्तवालालाई परीक्षामा सम्मिलित हुनको लागि प्रवेशपत्र दिनु पर्नेछ ।

(५) उपनियम (१) बमोजिम संचालन हुने लिखित परीक्षाको पूर्णाङ्क एक सय र उत्तीर्णाङ्क चालीस हुनेछ ।

(६) उपनियम (१) बमोजिम संचालित परीक्षामा सफल हुने व्यक्तिलाई आयोगले अनुसूची-२ बमोजिमको ढाँचामा स्थायी अध्यापन अनुमतिपत्र दिनेछ ।

(७) उपनियम (१) बमोजिमको परीक्षा सम्बन्धी अन्य व्यवस्था आयोगले तोके बमोजिम हुनेछ ।

(८) आयोगले जिल्ला शिक्षा कार्यालयबाट शिक्षकहरुको विवरण माग गरी विद्यालयमा कार्यरत शिक्षकलाई अनुसूची-२ बमोजिमको ढाँचामा अस्थायी अध्यापन अनुमतिपत्र दिनु पर्नेछ ।

६ख. बहालवाला शिक्षकलाई दिइने अध्यापन अनुमतिपत्र सम्बन्धी व्यवस्था : (१) नियम ६क. मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका शिक्षकले शिक्षा सम्बन्धी तालीम लिएको भए आयोगले त्यस्तो शिक्षकको अन्तर्वार्ता लिई सफल भएमा निजलाई अनुसूची -२ बमोजिमको ढाँचामा स्थायी अध्यापन अनुमतिपत्र दिनेछ :-

(क) यो नियम प्रारम्भ हुंदाका बखत वहालवाला स्थायी शिक्षक,

(ख) यो नियम प्रारम्भ हुनु अघि स्थायी शिक्षक पदको लागि भएको परीक्षामा सफल भई यो नियम प्रारम्भ भएपछि नियुक्त हुने शिक्षक ।

स्पष्टीकरण: यस नियमको प्रयोजनको लागि "शिक्षा सम्बन्धी तालीम" भन्नाले शिक्षा विषयमा प्रमाणपत्र तह, स्नातक तह वा स्नाकोत्तर तह उत्तीर्ण गरेको वा शिक्षा विषयमा कम्तीमा अढाई महिनाको तालीम सफलतापूर्वक लिएकोलाई जनाउंछ ।

(२) उपनियम (१) बमोजिम लिइने अन्तर्वाताको पूर्णाङ्क पच्चीस तथा उत्तीर्णाङ्क दश हुनेछ ।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

(३) आयोगले उपनियम (१) बमोजिम अन्तर्वार्ता लिनको लागिं अन्तर्वार्ता समय र ठाउँ समेत उल्लेख गरी कम्तीमा एक महिना अगावै सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

६ग. अध्यापन अनुमतिपत्र सम्बन्धी विशेष व्यवस्था : यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले शिक्षक नियुक्तिको लागि न्यूनतम योग्यता पुगेका तर नियम ९ बमोजिमको तालीम नलिएका व्यक्तिलाई शिक्षक पदमा अस्थायी नियुक्ति गर्ने प्रयोजनको लागि नियम ६ख. बमोजिम अन्तर्वाता लिई सफल भएमा अनुसूची -२ बमोजिमको ढाँचामा अस्थायी अध्यापन अनुमतिपत्र दिन सक्नेछ।

तर त्यस्तो अध्यापन अनुमतिपत्र यो नियम प्रारम्भ भएको मितिले एक वर्ष भन्दा बढी कायम रहने छैन।

६घ. अध्यापन अनुमतिपत्र लिनको लागि उम्मेदवार हुन नपाउने : नियम ९ बमोजिमको योग्यता र तालीम नभएको तथा नियम १० को खण्ड (क), (ख), (ग), (घ), (ङ) र (च) बमोजिमको अयोग्य व्यक्तिले अध्यापन अनुमतिपत्रको लागि हुने परीक्षामा उम्मेदवार हुन पाउने छैन।

५. मूल नियमावलीको नियम ९ मा संशोधन : मूल नियमावलीको नियम ९ को सट्टा देहायको नियम ९ राखिएकोछ :-

"९. योग्यता तथा तालीम सम्बन्धी व्यवस्था : (१) अध्यापन अनुमतिपत्र वा शिक्षक पदको लागि लिइने परीक्षामा उम्मेदवार हुन देहाय बमोजिमको शैक्षिक योग्यता तथा तालीम प्राप्त गरेको हुनु पर्नेछ :-

(क) प्राथमिक विद्यालयको शिक्षकको लागि माध्यमिक शिक्षा उत्तीर्ण वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने वा सो सरहको तालीम लिएको वा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षामा चारसय पूर्णाङ्कको शिक्षा विषय लिई सो परीक्षा उत्तीर्ण गरेको,

(ख) निम्न माध्यमिक विद्यालयको शिक्षकको लागि सम्बन्धित विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने तालीम लिएको,

(ग) माध्यमिक विद्यालयको शिक्षकको लागि सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने तालीम लिएको।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तालीम नलिएका महिला वा अपाङ्गले यो नियम प्रारम्भ भएको मितिले दुई वर्षभित्र अध्यापन अनुमति वा शिक्षक पदको लागि हुने परीक्षामा सोही उपनियम बमोजिमको तालीम नलिएको भए तापनि उम्मेदवार हुन पाउनेछ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले शिक्षा शास्त्र तर्फ सोही उपनियममा उल्लिखित योग्यता प्राप्त गरेको भए यस नियमको प्रयोजनको लागि तालीम लिएको मानिनेछ।

(४) तल्लो तहको विद्यालयको शिक्षकले माथिल्लो तहको तालीम लिएको भए यस नियमको प्रयोजनको लागि तालीम लिएको मानिनेछ।"

६. मूल नियमावलीको नियम १० मा संशोधन : मूल नियमावलीको नियम १० को,-



५६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

(१) खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएकोछ :-

"(च१) अध्यापन अनुमतिपत्र नलिएको,"

(२) खण्ड (छ) को प्रतिबन्धात्मक वाक्यांशको उपखण्ड (१) मा रहेका "अस्थायी नियुक्ति पाई घटीमा तीन वर्षसम्म अटुट रुपमा सेवा गरी उमेरको हदभित्र रहेका " भन्ने शब्दहरुको सट्टा "उमेरको हदभित्र रही अस्थायी नियुक्ति पाई घटीमा तीन वर्ष सेवा गरेका " भन्ने शब्दहरु राखिएका छन्।

(३) खण्ड (छ) को उपखण्ड (३) झिकिएकोछ।

७. मूल नियमावलीको नियम ३२ मा संशोधन : मूल नियमावलीको नियम ३२ को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ:-

"(२) माध्यमिक विद्यालयको प्रधानाध्यापकको सुपरिवेक्षक विद्यालय निरीक्षक र जिल्ला शिक्षा अधिकारी तथा पुनरावलोकनकर्ता सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशक हुनेछ। निम्न माध्यमिक विद्यालय र प्राथमिक विद्यालयको प्रधानाध्यापकको सुपरिवेक्षक विद्यालय निरीक्षक र जिल्ला शिक्षा अधिकारीले तोकेको अधिकृत तथा पुनरावलोकनकर्ता जिल्ला शिक्षा अधिकारी हुनेछ।"

(२) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छ :-

"(२क) उपनियम (१) बमोजिमका विद्यालयका प्रधानाध्यापक बाहेक अन्य शिक्षकको सुपरिवेक्षक सम्बन्धित प्रधानाध्यापक र विद्यालय निरीक्षक तथा पुनरावलोकनकर्ता जिल्ला शिक्षा अधिकारी हुनेछ।"

८. मूल नियमावलीको नियम ३९ मा संशोधन:मूल नियमवालीको नियम ३९ को,-

(१) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएकोछ:-

"(२) उपनियम (१) बमोजिम अवकाश पाउने शिक्षकले आफूले अवकाश पाउने मितिभन्दा छ महिना अगावै आवश्यक कागजात संलग्न गरी सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा निवेदन दिनु पर्नेछ।"

(२) उपनियम (२) पछि देहायका उपनियम (२क), (२ख) र (२ग) थपिएका छन् :-

"(२क) उपनियम (२) बमोजिम प्राप्त भएको निवेदन सहितको कागजात छानविन गर्दा निवेदन दिने शिक्षकलाई बढुवा गर्न मिल्ने देखिएमा जिल्ला शिक्षा अधिकारीले त्यस्तो शिक्षक अवकाश हुनुभन्दा नब्बे दिन अगावै आयोगमा सो निवेदन पठाउनु पर्नेछ।

(२ख) उपनियम (२क) बमोजिम प्राप्त भएको निवेदन सहितको कागजात छानविन गर्दा निवेदन दिने शिक्षकलाई बढुवा गर्न उपयुक्त देखिएमा आयोगले त्यस्तो शिक्षकलाई उपनियम (१) बमोजिम बढुवा गर्न सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा सिफारिश गर्नु पर्नेछ।

(२ग) उपनियम (२ख) बमोजिम आयोगबाट सिफारिश भई आएमा जिल्ला शिक्षा अधिकारीले निवेदन दिने शिक्षकलाई अवकाश हुनुभन्दा एक महिना अघि सोही तहको एकतह माथिको श्रेणीमा बढुवा गर्नु पर्नेछ।"

९. मूल नियमावलीको अनुसूचीमा संशोधन: मूल नियमावलीमा रहेको अनुसूचीको,-

(१) शिर्षकमा रहेको "अनुसूची" भन्ने शब्दको सट्टा "अनुसूची-१" भन्ने शब्दहरु राखिएका छन्।

(२) प्रकरण ३. को सट्टा देहायको प्रकरण ३. राखिएकोछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"३. जिल्ला शिक्षा अधिकारीले आफूले गर्नु पर्ने सुपरीवेक्षण र पुनरावलोकनको कार्य दुई महिनाभित्र सम्पन्न गरी क्षेत्रीय शिक्षा निर्देशनालय वा आयोगमा पठाउनु पर्नेछ । क्षेत्रीय शिक्षा निर्देशकले समेत आफूले गर्नुपर्ने पुनरावलोकन सम्बन्धी कार्य दुई महिनाभित्र सम्पन्न गरी आयोगमा पठाउनु पर्नेछ ।"

१०. मूल नियमावलीमा अनुसूची थप: मूल नियमावलीको अनुसूची-१ पछि यसैसाथ संलग्न अनुसूची-२ थपिएकोछ ।

११. रुपान्तर: मूल नियमावलीको ठाउँ ठाउँमा रहेका "राष्ट्रिय शिक्षक सेवा आयोग" भन्ने शब्दहरुको सट्टा "शिक्षक सेवा आयोग" भन्ने शब्दहरु राखी रुपान्तर गरिएकोछ ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रमाणपत्र नं.

अनुसूची-२

नियम ६क. ६ख. र ६ग. संग सम्बन्धित

स्थायी / अस्थायी / अध्यापन अनुमतिपत्र

फोटो

शिक्षक सेवा आयोगको मिति . . . . . . . . . . . . . . . . . . . को निर्णयानुसार श्री . . . . . . . . . . . . . . . . को छोरा / छोरी . . . . . . . . . . . . . . . . . . जिल्ला . . . . . . . . . . . . म.न.पा. /उप म.न.पा. न.पा./ गा.वि.स. वडा नं. . . . . . . . . . ., . . . . . . . . . . . . . . . . . टोल/ गाउँमा बस्ने श्री /सुश्री/श्रीमती . . . . . . . . . . . . . . . . . . . . . . लाई . . . . . . . . . .तहको विद्यालयमा अध्यापन गर्न यो स्थायी / अस्थायी / अध्यापन अनुमतिपत्र दिइएकोछ ।

अध्यापन अनुमतिपत्र दिनेको-

कार्यालयको छाप

सही :
नाम :
पद:
कार्यालय:
मिति :

आज्ञाले,
लवकुमार देवकोटा
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार